आमचोक गाउँपालिका, बालंखा,भोजपुरद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: १० मिति :२०८०/१२/१८

भाग-२

आमचोक गाउँपालिका

# आमचोक गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०

प्रमाणीकरण गर्ने

आज्ञाले

धन कुमार राई

प्रमुख प्रशासकीय अधिकृत

# आमचोक गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना :
लैङ्गिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जधन्य अपराधलाई दण्डनीय बनाई प्रभावितहरुलाई क्षतिपर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुग्ने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कव दफा १०२ को उपदफा २ र लैंगिक हिंसा निवारण कोष (दोस्रो संशोधन ) नियमावलीको नियम ३ ख ले दिएको अधिकार प्रयोग गरी आमचोक गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारमभ :** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८० आमचोक गाउँपालिका" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेपछि लागू हुनेछ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले आमचोक गाउँपालिका कार्यपालिकाको कार्यलय सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(ग) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ।

(ङ) "लैंगिक" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

(च) "नियमावली" भन्नाले लैंगिक हिंसा निवारण कोष संचालन २०६७ र लैंगिक हिंसा निवारण कोष संचालन (दोस्रो संशोधन) २०७६ सम्झनुपर्छ।

(छ) "कार्यविधि" भन्नाले आमचोक गाउँपालिकाले जारी गरेको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८० सम्झनुपर्छ।

## परिच्छेद २
## कोषको स्थापना, उपयोग, संचालन तथा व्यवस्थापन

**३.कोषको स्थापना :** (१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमवजिमको रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँपालिकाले कोष परिचलनका लागि छुट्टाएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) वमोजिमको रकम गाउँपालिकाले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ

(४) कोषको खाताको सञ्चालन गाउँपालिकाको नियम बमोजिम हुनेछ।

**४.कोषमा रकम जम्मा गर्ने :**

महिला हकहितको क्षेत्रमा गाउँपालिको क्षेत्रभित्र कार्यरत अन्तराष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्नेछ ।

**५.कोषको उपयोग:**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) पीडितलाई कुनै व्यवसाय गर्नको निम्ति व्यवसाय स्थापना खर्च रकम अनुदान (विउ पुजी) को रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) गाउँपालिका विपक्षी भएको लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सक्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन,

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा लगानी गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भएता पनि समितिले लैंगिक हिंसाबाट पिडित बालबिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

(३) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

**६. स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिको गठन :** (१) लैंगिक हिंसा निवारण कोष (दोस्रो संशोधन ) नियमावलि २०७६ नियम २ को उपनियम २ को खण्ड ग १ बमोजिम कोषको संचालन तथा व्यवस्थापन गर्ने कामकाजका लागि एक स्यानीय तत्काल उद्धार तथा राहत समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) न्यायिक समिति संयोजक – संयोजक

(ख) प्रमुख प्रशासीय अधिकृत – सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख – सदस्य

(घ) जिल्ला प्रहरी कार्यलयको प्रतिनिधि – सदस्य

(ङ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै. स. स. मध्येबाट स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिले तोकेको प्रतिनिधि १ जना – सदस्य

(च) कानून अधिकृत: सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य सचिव

**८. समितिको काम कर्तब्य:** तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

क) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

ख) राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने।

ग) लैंगिक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।

घ) स्थानीय स्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, सस्था तथा निकायहरु बीच समन्वय गर्ने।

ङ) स्थानीय स्तरमा लैंगिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने।

च) गाउँपालिका क्षेत्र भित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अध्यावधिक गर्ने।

छ) कोष बृद्धिका लागि स्रोतको खोजी गर्ने।

ज) लैंगिक हिंसा निवारणका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

**९. समितिको बैठक :**१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

२. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडी समितिका सदस्य सचिवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाई दिनुपर्नेछ।

४. समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

६. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

८. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कोषमा रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिकाले कोषको नाममा रकम निकासा गरिदिनेछ।

## परिच्छेद ३

## वित्तिय व्यवस्थापन

**११. राहत तथा वार्षिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी आषधि उपचार गर्नु पर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) संग समन्वय गरी अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सावर्जनिक सवारी साधन प्रयोग गर्दालाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यबस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बडीमा छ हजार पाँच सय रुपैयामा नबढ्ने गरी लागेको यथार्थ उपचार खर्च। पीडितसँग आश्रित बालबालिका भए बालबालिकाको लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

(ग) कानूनी सहायता, मनोबेज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागी विउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तिस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागी बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ सम्म दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पिडितले कार्यलयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा  समितिले त्यस्ता पीडितलाई थप दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई अनुसुची (१) बमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार,औषधि उपचार,पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर वा मानवीय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब सकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१४. थप रकम निकासा माग गर्न सक्ने :** (१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई गाउँपालिकासँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमवजिम थप रकम माग भई आएमा गाउँपालिकाले समितिको आवश्यक्ता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

(३) लैंगिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिब कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथाराहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ।

## परिच्छेद-४
## विविध

**१५. छुट्टै खाता खोल्नु पर्ने :** स्थानीय तहले समितिबाट प्राप्त भएको रकम कार्यलयको नाममा कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

**१६. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१७. आवर्ति (रिभल्भिङ) कोष :** यो कोष आवर्ति (रिभल्भिङ) कोषको रुपमा रहनेछ।

**१८. प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सो समितिबाट भए गरेका काम कार्वाहीको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिले आ. व. समाप्त भएको ३ महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरीमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१९. बैठक भत्ता :** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँकार्यपालिकाले तोकिए बमोजिमको बैठक भत्ता वापत पाउनेछ।

**२०. निर्देशन दिन सक्ने :** गाउँ कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**२१. खारेजी र बचाउ :** (१) देहायको कार्यविधि देहायको कार्यविधि खारेज गरिएकोछ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविध बमोजिम भए गरेका काम कार्वाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची**

**(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)**

**बिषय : सहयोग उपलब्ध गराई पाउँ।**

श्री संयोजक ज्यू,

स्थानीय तत्काल उद्धार तथा राहत समिति,आमचोक ।

म..................................मा बस्ने वर्ष ............को ...............................मिति ....................मा लैंगिक हिंसाबाट पीडित भएकोछु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैंगिक हिंसा ..................भएको कारणले मेरो मानसिक /शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि, उपचार/कानूनी सहायता,परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य................................कामको लागी सहयोगको आवश्यक्ता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेकोछु।

निवेदकको

नाम, थर...........................................

ठेगाना.....................................................

दस्तखत.....................................................

मिति..........................................................

आज्ञाले

प्रमुख प्रशासकीयअधिकृत

प्रमाणिकरण मितिः................